Regd. No. 273954/078/079

PAN: 601868380

टक्सार पिखुवा खोला हाइड्रोपावर लि.
TAKSAR PIKHUWA KHOLA HYDROPOWER LTD.

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

प.सं.: ०८३।०८४

मिति : २०८३/०७/१८

च.नं.: २०

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषयः छैठौं (आ.व.२०८२/०८३ को) बार्षिक साधारण सभाको माइन्यूट तथा बार्षिक प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा यस टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेडको मिति २०८३।०६।३० मा सम्पन्न भएको छैठौं (आ.व.२०८२/०८३ को) बार्षिक साधारण सभाको माइन्यूट तथा बार्षिक प्रतिवेदन तहाँको जानकारीको लागि यसै निवेदनसाथ संलग्न गरी पेश गरिएको व्यहोरा जानकारी गराइन्छ ।

संलग्न :

१. छैठौं बार्षिक साधारण सभाको माइन्यूट,

२. वार्षिक प्रतिवेदन ।

(प्रभुजी पन्त)

कम्पनी सचिव

"Om Dev Plaza" (6th Floor), Khichapokhari, Newroad - 22, Kathmandu, Phone: +977-01-5321777
E-mail: taksarpikhuwahpp2017@gmail.com

टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड

को

छैठौं (आ.व. २०८२/०८३ को) वार्षिक साधारण सभाबाट पारित प्रस्ताव तथा निर्णयहरु

पृष्ठभूमिः

यस टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेडको छैठौं वार्षिक साधारण सभा मिति २०८३ साल असोज ३० गते (तदनुसार १६ अक्टोवर, २०२६) शुक्रबारका दिन विहान ११:०० बजे रामालय इभेन्ट भेन्यु, धापासी मार्ग, बाँसबारी, काठमाडौं स्थित सभाहलमा कम्पनीका अध्यक्ष श्री अजय बल्लभ पन्तको अध्यक्षतामा सम्पन्न भएको थियो। मिति २०८३।०६।०९ र मिति २०८३।०६।२१ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा छैठौं साधारण सभा सम्बन्धी सूचना प्रकाशित गरिए बमोजिम कम्पनीका शेयरधनी महानुभावहरु समेतको उपस्थितिमा सभा सम्पन्न भएको थियो। सो साधारण सभामा कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनी महानुभावहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित महानुभावहरुको आसन ग्रहण पश्चात अध्यक्षको अनुमति लिई कम्पनी सचिव श्री प्रभुजी पन्तले छैठौं साधारण सभाको कार्यक्रम सञ्चालन गर्नु भएको थियो।

१. सभा सम्बन्धी सूचना र प्रकाशनः-

कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावली, २०७८ को नियम १८(३) बमोजिम शेयरधनी महानुभावहरुको उपस्थितिका लागि छैठौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान तथा छलफलका लागि प्रस्तावित विषय सुचीहरु सहितको विवरण खुलाई मिति २०८३ साल असोज ३० गते शुक्रबारका दिन टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेडको छैठौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिको मिति २०८३।०६।०८ गतेको निर्णय अनुसार मिति २०८३।०६।०९ र मिति २०८३।०६।२१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा २ पटक सूचना प्रकाशित गरिएको अर्थात कानून बमोजिमको सूचना र छैठौं वार्षिक साधारण सभाको जानकारी शेयरधनी महानुभावहरुलाई प्रदान गरिएको थियो। साथै कम्पनीको वार्षिक प्रतिवेदनको प्रतिलिपी उपस्थित शेयरधनीहरु लगायत सभामा सहभागीहरुलाई उपलव्ध गराइएको थियो। छैठौं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., नेपाल धितोपत्र बोर्ड, श्री विद्युत नियमन आयोग, श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायतका सम्बन्धित नियमनकारी निकायहरुलाई समेत छैठौं वार्षिक साधारण सभाको जानकारीका लागि पत्राचार गरिएको थियो।

२. उपस्थितिः-

(क) सञ्चालकहरुको उपस्थिति

क.सं.	नाम	पद
१.	श्री अजय बल्लभ पन्त	अध्यक्ष
२.	श्री सुरेश कुमार स्थापित	सञ्चालक
३.	श्री शम्भु प्रसाद पन्त	सञ्चालक
४.	श्री रश्मी नेपाल	स्वतन्त्र सञ्चालक

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

(ख) पदाधिकारीहरुको उपस्थिति

क्र.सं.	नाम	पद
१.	श्री प्रभुजी पन्त	कम्पनी सचिव
२.	श्री जङ्ग बहादुर खवास	वित्त प्रमुख आयोजनास्थल
३.	श्री दुर्गा भण्डारी	वित्तीय तथा लेखा अधीकृत

(ग) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

विवरण	कूल शेयर संख्या	प्रतिनिधित्व भएको शेयर संख्या	उपस्थिति प्रतिशत
कम्पनीको शेयर कित्ता	१,२०,००,०००	३८,१०,३९१	५१.६९%
प्रोक्सी मार्फत शेयर कित्ता		२३,९३,२७२	
जम्मा		६२,०३,६६३	५१.६९%
कम्पनीका शेयरधनी	-	१२०	
कम्पनीका शेयरधनी प्रतिनिधि (प्रोक्सी)	-	३२	
जम्मा शेयरधनी संख्या		१५२	

(३) सभाको वैधानिकता:-

(क) गणपूरक संख्या:-

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७३,कम्पनी निर्देशिका,२०७२ (संशोधन सहित) को दफा ४४ एवं यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम सभाको लागि आवश्यक गणपूरक संख्या पूरा हुन बाँडफाँड भएको कूल शेयर धनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित हुनु पर्ने व्यवस्था बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि आवश्यक प्रक्रिया तथा निर्दिष्ट गणपूरक सख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भएको थियो। छैठौं साधारण सभामा उपस्थित हुनु भएका शेयरधनीहरुले कम्पनीको छैठौं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री अजय बल्लभ पन्तज्यूले विधिवत रुपमा साधारण सभाको काम कारवाही अगाडि बढाउने अनुमति दिनुभएको थियो।

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

(ख) सभाको अध्यक्षता:-

सभाको लागि न्यूनतम गणपूरक संख्या पूरा भएकाले सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम र कम्पनीको नियमावलीको नियम १९(१) बमोजिम यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष एवं शेयरधनी श्री अजय बल्लभ पन्तज्यूलाई आ.व. २०८२/०८३ को छैठौं वार्षिक साधारण सभाको अध्यक्षता गरि दिनु हुन यस कम्पनीको कम्पनी सचिव एवं कार्यक्रम संचालक श्री प्रभुजी पन्तले आग्रह गर्नु भएको थियो र अध्यक्ष श्री अजय बल्लभ पन्तज्यूले छैठौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो।

(ग) आशन ग्रहण :-

आशन ग्रहणको कार्यक्रमलाई अगाडि बढाउँदै कार्यक्रम संचालकज्यूले यस कम्पनीका सञ्चालकहरु श्री सुरेश कुमार स्थापित, श्री शम्भु प्रसाद पन्त र श्री रश्मी नेपाल, लगायत श्री रुपेश तामाङ, श्री मीरा पाण्डे गौतम, डा. कुशल खरेल, श्री राजन नेपाल लगायतका व्यक्तिहरुलाई आशन ग्रहण गराउनु भएको थियो।

(घ) स्वागत मन्तव्य:-

साधारण सभामा उपस्थित अतिथिहरु, शेयरधनीहरु,कर्मचारीहरु लगायत उपस्थित सबैलाई कम्पनीको तर्फबाट कार्यक्रम संचलक श्री प्रभुजी पन्तले स्वागत मन्तव्य राख्नु भएको थियो।

(ङ) सभाको विधिवत उद्घाटन:-

स्वागत मन्तव्य पश्चात अध्यक्ष श्री अजय बल्लभ पन्तज्यूले दिप प्रज्वलन गरी सभाको विधिवत् उद्घाटन गर्नु भएको थियो।

(च) राष्ट्रिय गान बजाउने कार्यक्रम:-

कार्यक्रमको उद्घाटन पश्चात राष्ट्रिय गान बजाईयो र सभाहलमा उपस्थित सबैले आ-आफ्नो स्थानबाट उठेर राष्ट्रिय गान प्रति सम्मान प्रकट गरेका थिए।

(छ) कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत:-

कम्पनी सचिवले कम्पनीका अध्यक्षलाई साधारण सभामा उपस्थित शेयरधनीहरु समक्ष कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गरि दिनु हुन अनुरोध गर्नु भएकोमा अध्यक्षबाट साधारण सभामा उपस्थित सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुलाई कम्पनीको वर्तमान अवस्था तथा भावी कार्य योजनाका बारेमा जानकारी गराउनु भएको थियो। तत् पश्चात उक्त प्रस्तुतिकरणका लागि धन्यवाद सहित कम्पनी सचिवले साधारण सभामा प्रस्तुत भएका सामान्य प्रस्ताव र विशेष प्रस्तावमा उल्लेखित प्रस्तावहरुलाई साधारण सभाले सर्वसम्मत रुपमा स्वीकृत गरी सो प्रस्तावहरु अनुरुप निर्णयहरु सर्वसम्मत रुपमा पारित भएका थिए।

३. छैठौं वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि प्रस्तुत प्रस्तावहरु

(क) सामान्य प्रस्तावहरु

सभामा सञ्चालक समितिका अध्यक्ष तथा यस सभाका अध्यक्षज्यूले साधारण सभामा पेश भएको सञ्चालक समितिको प्रतिवेदन पेश गर्नु भएको थियो र अध्यक्षको अनुरोधमा प्रस्तावित छलफलका विषयहरु उपर शेयरधनी

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

Ajay

महानुभावहरुलाई आफ्नो प्रश्न, जिज्ञासा, सुझाव, मन्तव्य प्रस्तुत गर्न र प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न अनुरोध गर्नुभएको थियो।

सभामा छलफलका लागि पेश भएका सामान्य प्रस्तावहरु तपसिल बमोजिम रहेका थिए:

तपसिल

(क) सामान्य प्रस्तावहरु :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) आ.व.२०८३/०८४ को लागि लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४) आ.व.२०८२/०८३ मा सञ्चालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

५) अन्य नयाँ परियोजनाहरुको पहिचान गरी लगानी गर्न आवश्यक भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६) कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम लेखापरीक्षण समिति गठन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

७) संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व हुने गरी ३ (तीन) जना सञ्चालक र सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व हुने गरी २ (दुई) जना सञ्चालकहरुको निर्वाचन एवं अनुमोदन गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु

सभामा छलफलका लागि देहायका २ वटा विशेष प्रस्तावहरु पेश गरिएका थिए:

१) कम्पनीले अन्य कम्पनीहरुमा लगानी गर्न सहजताको लागि होल्डिङ कम्पनीमा परिणत गर्नको लागि कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र नियमावलीमा आवश्यक संशोधन गर्न विशेष प्रस्ताव परित गर्ने सम्बन्धमा ।

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

२) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकायबाट कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) विविध

<u>४. सभाको सञ्चालन तथा प्रतिवेदनको प्रस्तुतिः</u>

कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री अजय बल्लभ पन्तज्यूले सञ्चालक समितिको तर्फबाट कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भएको थियो। अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि अध्यक्षको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको प्रतिवेदन तथा वित्तीय विवरण लगायतका विषयहरुमा छलफलका लागि साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो। कम्पनीका अध्यक्षले पेश गर्नु भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षणको प्रतिवेदन सहितको आ.व.२०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तीय विवरणहरु साथै कम्पनीको कार्य सञ्चालनको अवस्था तथा भावी कार्य योजना उपर निम्न शेयरधनीहरुले आफ्नो धारणा राख्नु भएको थियो।

(क) शेयरधनी श्री इन्द्र प्रसाद लामिछानेले कम्पनीले शेयरधनीहरुको हितलाई ध्यानमा राखी आगामी वर्ष लाभाँश प्रदान गर्न सकोस भन्ने समेत व्यहोरा उल्लेख गरी शुभकामना व्यक्त गर्नु भएको थियो।

(ख) शेयरधनी श्री गोविन्द बहादुर के.सी. ले कम्पनीको विशेष प्रस्तावको रुपमा रहेको कम्पनीलाई होल्डिङ कम्पनीमा परिणत गरी सो बमोजिम सफलता मिलोस भन्ने समेत व्यहोराको शुभकामना मन्तव्य राख्नु भएको थियो।

(ग) शेयरधनी श्री निरुपमा गुप्ताले कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य सफलता पूर्वक सम्पन्न गरी शेयरधनीहरुको हितलाई समेत ध्यानमा राखी कार्यहरु गर्नु पर्ने मन्तव्य व्यक्त गर्नु भएको थियो।

(घ) शेयरधनी श्री सुदिप श्रेष्ठले शेयरधनीहरुको मुख्य उद्धेश्य प्रतिफल प्राप्त गर्नु रहेको हुँदा आगामी आ.व.मा मुनाफा प्राप्त हुने आशा व्यक्त गर्नु भएको थियो।

(ङ) शेयरधनी श्री सुरेन्द्र चिमौरियाले शेयरधनीहरुको विश्वास कायम राख्दै कम्पनीबाट आगामी वर्ष शेयरधनीहरुलाई आकर्षक लाभाँश प्रदान गर्नु हुने अपेक्षा व्यक्त गर्नु भएको थियो।

(च) शेयरधनी डमरु बल्लभ घिमिरेले पहिलो त्रैमासिक अवधि भित्रै साधारण सभा सम्पन्न गरेकोमा कम्पनीका सञ्चालक समितिका पदाधिकारी, कर्मचारी एवं लेखापरीक्षकलाई धन्यवाद व्यक्त गर्दै कम्पनीलाई होल्डिङ्ग कम्पनीमा परिणत गर्ने विषय खुशिको कुरा रहेको उल्लेख गर्दै कम्पनीले अरु ठूला जलविद्युत योजनामा लगानी गर्नु पर्ने सुझाव सहितको मन्तव्य व्यक्त गर्नु भएको थियो।

(छ) शेयरधनी श्री माधव प्रसाद सिंखडाले होल्डिङ कम्पनीमा परिणत गर्ने कुरामा समर्थन जनाउँदै आगामी साधारण सभामा लाभाँश घोषणा हुने अपेक्षा सहितको मन्तव्य राख्नु भएको थियो।

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

५. सभाबाट भएका निर्णयहरु

(क) <u>सामान्य प्रस्तावमा भएका निर्णयहरु</u>

(१) प्रस्ताव नं. १ मा उल्लेखित आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षद्वारा सभा समक्ष प्रस्तुत गरी छलफल भई सो प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरिएको थियो।

(२) प्रस्ताव नं. २ मा उल्लेखित आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित वित्तीय विवरण सभा समक्ष प्रस्तुत गरी सर्वसम्मत रुपमा पारित गरिएको थियो।

(३) प्रस्ताव नं. ३ मा उल्लेखित आर्थिक वर्ष २०८३/०८४ का लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव माथि छलफल गर्दा प्रचलित कानून बमोजिम योग्य लेखापरीक्षकमा एन.डी. एण्ड एशोसियट्स, (ND and Associates) का एफसिए श्री नरेश डुङ्गानालाई आर्थिक वर्ष २०८३/०८४ का लागि नियुक्त गर्ने तथा निजको पारिश्रमिक भ्याट समेत रु.२,२५,०००।-(अक्षरेपी रु. दुई लाख पच्चीस हजार रुपैयाँ मात्र) निर्धारण गर्ने सर्वसम्मत रुपमा पारित गरिएको थियो।

(४) प्रस्ताव नं. ४ मा उल्लेखित आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालक समितिबाट भएका निर्णयहरूको सम्बन्धमा सभामा छलफल भई छलफलबाट सम्पूर्ण निर्णयहरु सर्वसम्मत रुपमा पारित गरिएको थियो।

(५) प्रस्ताव नं. ५ मा उल्लेखित नयाँ परियोजनाहरूको पहिचान तथा लगानी गर्ने सम्बन्धमा कम्पनीको व्यावसायिक विस्तार तथा लगानीका सम्भावित क्षेत्रका रूपमा नयाँ परियोजनाहरूको पहिचान गरी आवश्यकताअनुसार लगानी गर्ने प्रस्ताव माथि छलफल गर्दा नयाँ परियोजनाहरूको सम्भाव्यता, प्राविधिक तथा वित्तीय अध्ययन, जोखिम मूल्याङ्कन र प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही आवश्यक प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरिएको थियो।

(६) प्रस्ताव नं. ६ मा उल्लेखित लेखापरीक्षण समिति गठन गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम लेखापरीक्षण समिति गठन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरिएको थियो।

(७) प्रस्ताव नं. ७ मा उल्लेखित सञ्चालक निर्वाचन तथा अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्दा संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने तीन जना सञ्चालक तथा सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकको निर्वाचन तथा अनुमोदन सम्बन्धी प्रस्ताव प्रस्तुत गरिएकोमा संस्थापक शेयरधनीहरु मध्येबाट तीन जना सञ्चालक र सर्वसाधारण शेयरधनी समूहबाट एक जना सञ्चालकको उम्मेदवारी दर्ता भई निर्विरोध निर्वाचित भएको व्यहोरा सहितको निर्वाचन परिणाम निर्वाचन अधिकृत श्री राजन नेपालले पढेर सुनाउनु भएको थियो। निर्विरोध निर्वाचित भएको घोषणा पश्चात निर्वाचन अधीकृतबाट कम्पनीको सञ्चालकहरुलाई प्रमाण-पत्र वितरण गरी शपथग्रहण गराउनु भएको थियो। त्यसरी निर्विरोध निर्वाचित हुने सञ्चालकहरुमध्ये संस्थापक शेयरधनीहरु तर्फबाट श्री मीरा पाण्डे (गौतम) -१ सुरेश कुमार स्थापित-१ र रुपेश तामाङ-१, तथा सर्वसाधारण शेयरधनीहरु समूहबाट डा. कुशल खरेलको नाम र कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम निजहरुको ४ (चार) वर्षको कार्यकाल रहने व्यवस्थाको जानकारी गराइएको थियो।

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

(ख) <u>विशेष प्रस्तावमा भएका निर्णयहरु</u>

(१) प्रस्ताव नं. १ मा उल्लेखित कम्पनीको नाम परिवर्तन गरी होल्डिङ कम्पनीमा परिणत गर्ने प्रस्तावमाथि छलफल गर्दा कम्पनीको नाम परिवर्तन तथा होल्डिङ कम्पनीका रूपमा परिणत गर्ने सर्वसम्मत निर्णय गरियो। सो को लागि कम्पनी रजिस्ट्रारको कार्यालयबाट आवश्यक स्वीकृति तथा अभिलेखिकरण प्रक्रिया पूरा गर्ने र सो को कार्यान्वयनको लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने व्यवस्था मिलाउने व्यहोरा सर्वसम्मत रुपमा निर्णय गरियो।

(२) प्रस्ताव नं.२ मा उल्लेखित कम्पनीको नाम परिवर्तन तथा होल्डिङ कम्पनीका रूपमा परिणत गर्ने सम्बन्धित कार्यको लागि नियमनकारी निकायबाट प्राप्त सुझाव तथा निर्देशन अनुसार प्रबन्धपत्र र नियमावली संशोधन गर्ने प्रस्तावका सम्बन्धमा छलफल गर्दा प्रचलित कानून तथा साधारण सभाबाट स्वीकृत प्रस्तावको सीमाभित्र रही आवश्यक संशोधन, परिमार्जन तथा स्वीकृति प्रक्रियाका लागि सञ्चालक समितिलाई आवश्यक प्रक्रिया अगाडि बढाउन अख्तियारी प्रदान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

(ग) <u>विविध अन्तर्गत भएका निर्णयहरु</u>

साधारण सभाको निर्णयको अभिलेखमा हस्ताक्षर गर्नको लागि कम्पनीको नियमावलीको नियम २६ बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री अजय बल्लभ पन्त र कम्पनी सचिव श्री प्रभुजी पन्तलाई अख्तियारी प्रदान गरिएको थियो।

<u>६. सभाको समापन</u>

(क) सभामा छलफलका क्रममा उठाइएका शेयरधनीहरूबाट उठाइएका विभिन्न प्रश्न, जिज्ञासा तथा सुझावमाथि छलफल गरी सम्बन्धित पदाधिकारीज्यूहरुले जवाफ दिनु भएको थियो।

(ख) यस कम्पनीको छैठौं साधारण सभाको निर्धारित विषयसूची बमोजिम शेयरधनीहरु सहितको उपस्थितिमा छलफल तथा निर्णयहरु भएको र छलफलका लागि अन्य विषय बाँकी नरहेको हुँदा छैठौं वार्षिक साधारण सभा एवं कम्पनीको सञ्चालक समितिका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले उपस्थित सम्पूर्ण शेयरधनी तथा पदाधिकारीहरूलाई छैठौं वार्षिक साधारण सभामा सक्रिय सहभागिताको लागि धन्यवाद सहित नेपालीहरुको आउँदो चाडहरु बडा दशैं, शुभ दिपावली, नयाँ नेपाल सम्वत् ११४७ तथा छठ पर्वको उपलक्ष्यमा सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दै सभा समापन भएको घोषणा गर्नु भएको थियो।

प्रभुजी पन्त
पदः कम्पनी सचिव
हस्ताक्षरः .....
मितिः २०८३।०६।३०

अजय बल्लभ पन्त
पदः अध्यक्ष
हस्ताक्षरः .....
मितिः २०८३।०६।३०

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu